# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २९३, ३००-३६१, ३८३-३८५/०७३/७४**
**निर्णय नं. ४७४-५३९**

बाँके जिल्ला, नेपालगञ्ज-१६ निबासी नमस्कार शाह ..................................... १ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालय, ..................................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, ................................................१ }

अर्घाखाँची, बैतडी, बारा, बझाङ्ग, बाजुरा, बर्दिया, भक्तपुर, भोजपुर, चितवन, डडेलधुरा, दैलेख, दाङ्ग, धादिङ्ग, धनुषा, दोलखा, डोल्पा, डोटी, गोरखा, गुल्मी, हुम्ला, जाजरकोट, ईलाम, कपिलवस्तु, कञ्चनपुर, कालिकोट, कास्की, काठमाडौं, लम्जुङ्ग, ललितपुर, खोटाङ्ग, महोत्तरी, मकवानपुर, मनाङ्ग, मोरङ्ग, मुगु, मुस्ताङ्ग, म्याग्दी, नुवाकोट, ओखलढुङ्गा, पाल्पा, पाँचथर, पर्वत, पर्सा, प्युठान, रामेछाप, रसुवा, रौतहट, रुकुम, रुपन्देही, संखुवासभा, सप्तरी, सर्लाही, सिन्धुली, सिन्धुपाल्चोक, सिरहा, सोलुखुम्बु, सुनसरी, सर्खेत, स्याङ्जा, तनहुँ, ताप्लेजुङ्ग, तेह्रथुम, उदयपुर, जुम्ला, कैलाली, झापा

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला, नेपालगञ्ज-१६ निबासी नमस्कार शाहले जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।११।११ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जि. प्र. का. अर्घाखाँचीमा दर्ता भएका र हालसम्म नवीकरण भएका गैह्र सरकारी संस्थाहरूको नाम, संस्थाको अध्यक्षको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको बिवरण ।
२. बाहिरी जिल्लामा दर्ता भई जि. प्र. का. अर्घाखाँचीमा दर्ता भएका र अनुमति लिएका गैह्र सरकारी संस्थाका शाखाहरुको नाम, शाखाको अध्यक्षको ठेगाना र सम्पर्क नम्बर सहितको बिवरण ।
३. जि. प्र. का. अर्घाखाँचीले खारेज गरेका गैह्र सरकारी संस्थाहरुको नामावली बिवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल फाल्गुण २६ गते रोज ५ शुभम्